यो आकाशवाणी हो ।                                    31-5-26 Sunday

सर्वप्रथम मुख्य समाचार।

- प्रधानमन्त्रीले सरकारले देशका अमूल्य सम्पदाहरूको संरक्षणका लागि निरन्तर प्रयास गरिरहेको बताउनुभयो
- रक्षामन्त्री र अष्ट्रेलियाका उपप्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा दोस्रो भारत–अष्ट्रेलिया रक्षा मन्त्री संवाद को सह-अध्यक्षता गर्नुहुने
- जल शक्ति मन्त्रालयले भोलि नयाँ दिल्लीमा जल अनुसन्धान तथा विकाससम्बन्धी राष्ट्रिय कार्यशालाको गर्नेछ आयोजना ,अनि
- उत्तराखण्डको रुद्रप्रयाग जिल्लामा गएरातिदेखि निरन्तर वर्षा भइरहेका कारण केदारनाथ यात्रा हालका लागि गरिएकोछ स्थगित।

---------

**प्रधानमन्त्री – मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशवासीहरूलाई हालको अत्यधिक गर्मीको मौसममा विशेष सावधानी अपनाउन र सरकारले जारी गरेका निर्देशिकाहरूको पालना गर्न आग्रह गर्नुभएको छ। आकाशवाणीको 'मन की बात' कार्यक्रममा उहाँले पर्याप्त मात्रामा पानी पिउन तथा घामबाट बच्ने उपाय अपनाएर मात्र घरबाहिर निस्कन सुझाव दिनुभयो। प्रधानमन्त्रीले गर्मीबाट राहत पाउन लस्सी, सत्तु, शरबत, जस्ता परम्परागत पेय पदार्थहरूको सेवन उपयोगी हुने बताउनुभयो। उहाँले यी पेय पदार्थहरूले 'एक भारत श्रेष्ठ भारत'को भावनालाई झल्काउने र यिनमा पुस्तौँदेखिको अनुभव तथा ज्ञान समेटिएको उल्लेख गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले काशीको लङ्गडा, महाराष्ट्रको अल्फान्सो, गुजरातको केसर तथा पश्चिम बङ्गालको हिमसागर

आँपको चर्चा गर्दै ,

प्रत्येक क्षेत्रका आँपको स्वाद अनुपम र यसको सुगन्ध विशेष हुने बताउनुभयो। श्री मोदीले आँपले विश्वव्यापी बजारमा आफ्नो पहिचान स्थापित गरिसकेको उल्लेख गर्दै आँप हाम्रो कृषि अर्थतन्त्रका लागि अत्यन्त महत्वपूर्ण फल भएको बताउनुभयो।

प्रधानमन्त्रीले सरकारले देशका अमूल्य सम्पदाहरूको संरक्षणका लागि निरन्तर प्रयास गरिरहेको बताउनुभयो। उहाँले 'ज्ञान भारतम अभियान' अन्तर्गत छत्तीसगढको मल्हार क्षेत्रमा छैटौँ–सातौँ शताब्दीका पाण्डुवंशी राजा महर्षि **बलार्जुन** सँग सम्बन्धित दुर्लभ **ताम्रपत्र**-का तीन वटा फलक फेला परेको जानकारी दिनुभयो।

PM tamra patta

प्रधानमन्त्रीले झारखण्डको राजधानी राँचीमा आयोजित राष्ट्रिय वरिष्ठ एथलेटिक्स महासंघ प्रतियोगिताको पनि चर्चा गर्नुभयो। उक्त प्रतियोगितामा करिब आठ सय खेलाडीहरूले सहभागिता जनाएका थिए। श्री मोदीले गुरिन्दर वीर सिंह, विशाल टी.के., तेजस्विन शङ्कर, देव मीणा र कुलदीप कुमारलाई चार वटा राष्ट्रिय कीर्तिमान तोड्न सफल भएकोमा बधाई दिनुभयो।

**भारत–अष्ट्रेलिया रक्षा मन्त्री संवाद**

रक्षामन्त्री राजनाथ सिंह र अष्ट्रेलियाका उपप्रधानमन्त्री तथा रक्षामन्त्री रिचर्ड मार्ल्सले भोलि नयाँ दिल्लीमा दोस्रो भारत–अष्ट्रेलिया रक्षा मन्त्री संवाद को सह-अध्यक्षता गर्नुहुनेछ। संवादका

क्रममा रक्षा तथा सुरक्षा सहकार्यलाई थप सुदृढ बनाउने, संयुक्त सैन्य अभ्यास सञ्चालन गर्ने, रक्षा सामग्रीको विकास तथा उत्पादनमा सहकार्य विस्तार गर्ने तथा रक्षा उद्योगसम्बन्धी सहयोगका विभिन्न पक्षमा छलफल हुने जनाइएको छ। रक्षा मन्त्रालयका अनुसार यस संवादले दुई देशबीचको द्विपक्षीय रक्षा सम्बन्धलाई अझ मजबुत बनाउन, रणनीतिक साझेदारीलाई विस्तार गर्न, हिन्द–प्रशान्त क्षेत्रमा स्थायित्व र सुरक्षालाई प्रवर्द्धन गर्न तथा रक्षा र सुरक्षा सहकार्यका नयाँ क्षेत्रहरूको पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

## शिवराज सिंहद्वारा 'खेत बचाऔँ अभियान' शुभारम्भ

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भोलि मध्य प्रदेशको रायसेन जिल्लाबाट 'खेत बचाऔँ अभियान'को शुभारम्भ गर्नुहुनेछ । यो अभियान तीस जुनसम्म जारी रहनेछ ।

अभियानको मुख्य उद्देश्य मलको सन्तुलित प्रयोग, मौसमसम्बन्धी चुनौतीबारे किसानलाई समयमै जानकारी दिनु तथा सरकारी योजनाको लाभ गाउँस्तरसम्म पुऱ्याउनु हो। अभियान सुरु हुनुअघि मन्त्री चौहानले विभिन्न राज्यका मुख्यमन्त्री तथा जनप्रतिनिधिसँग अभियानमा सहभागी हुन आग्रह गर्नुभएको छ। उहाँले कृषि क्षेत्रसँग सम्बन्धित निकाय र अधिकारीहरूसँग पनि छलफल गर्दै जनसहभागितासहित अभियान सफल बनाउन अनुरोध गर्नुभएको छ।

## आन्ध्र प्रदेशमा अन्तर्राष्ट्रिय योग दिवसको भव्य तयारी

आन्ध्र प्रदेशका मुख्यमन्त्री N. Chandra babu Naidu ले अधिकारीहरूलाई योगान्ध्र कार्यक्रम भव्य रूपमा आयोजना गर्न निर्देशन दिनुभएकोछ । यस अभियानको मुख्य उद्देश्य

ग्रामस्तर सम्म योग कार्यक्रम सञ्चालन गरी एक करोड जनाको सहभागिता सुनिश्चित गर्नु रहेको छ। राज्यमा आगामी सात जुनदेखि चौध दिनसम्म योगान्ध्र अभियान सञ्चालन गरिनेछ। अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा एक्काइस जुन का दिन अमरावतीमा पच्चीस हजार सहभागीको उपस्थितिमा राज्यस्तरीय विशेष कार्यक्रम आयोजना गरिनेछ। मुख्यमन्त्रीले योगलाई जनआन्दोलनका रूपमा विकास गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न सबै निकायलाई सक्रिय रूपमा लाग्न आग्रह गर्नुभएको छ ।

## जल शक्ति मन्त्रालय – राष्ट्रिय कार्यशाला

जल शक्ति मन्त्रालयले भोलि नयाँ दिल्लीमा जल अनुसन्धान तथा विकाससम्बन्धी राष्ट्रिय कार्यशालाको आयोजना गर्ने भएको छ। कार्यशालाको उद्देश्य भारतको जल अनुसन्धान र नवप्रवर्तन प्रणालीलाई थप सुदृढ बनाउनु हो। कार्यक्रममा जलस्रोत व्यवस्थापन, खानेपानी तथा जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न नयाँ पहलको शुभारम्भ गरिनेछ।

यस अवसरमा जल शक्ति मन्त्रालय र भारतीय अन्तरिक्ष अनुसन्धान संगठन इसरो बीच जलस्रोतको मूल्याङ्कन, अनुगमन तथा व्यवस्थापनका लागि समझदारीपत्रमा हस्ताक्षर हुने सम्भावना रहेको छ। कार्यशालाको उद्घाटन केन्द्रीय जल शक्ति मन्त्री चन्द्रकान्त पाटिल र विज्ञान तथा प्रविधि मन्त्री जितेन्द्र सिंहले गर्नेछन्।

## हिमाचल

हिमाचल प्रदेशको चम्बा जिल्लामा भएको सडक दुर्घटनामा आठ जनाको मृत्यु भएको आशंका गरिएको छ। मृतकमध्ये सात जना छत्तीसगढका पर्यटक रहेका छन्। यो दुर्घटना उनन्तीस मे-को

राति चुराह उपमण्डल अन्तर्गत बैरा गढ–साच दर्रा–किलर सडकमा कार गहिरो खाल्डोमा खस्दा भएको हो। दुर्घटनापछि सवारीमा सवार सबै जना बेपत्ता रहेका छन्। प्रहरी र प्रशासनको टोलीले खोज तथा उद्धार कार्य जारी राखेको छ।

## उत्तराखण्ड – केदारनाथ यात्रा स्थगित

उत्तराखण्डको रुद्रप्रयाग जिल्लामा गएरातिदेखि निरन्तर वर्षा भइरहेका कारण केदारनाथ यात्रा हालका लागि स्थगित गरिएको छ। मौसम विभागले ओरेन्ज अलर्ट जारी गरेपछि तीर्थयात्रीहरूको सुरक्षालाई मध्यनजर गर्दै यो निर्णय गरिएको हो। जिल्ला प्रशासनका अनुसार मौसममा सुधार नआएसम्म केदारनाथ यात्रा मार्गमा कुनै पनि श्रद्धालुलाई अगाडि जान अनुमति दिइने छैन। कुनै पनि आपत्कालीन अवस्थामा आपत्कालीन सञ्चालन केन्द्रसँग सम्पर्क गर्न सकिनेछ। हेल्पलाइन नम्बर– आठ नौ पाँच आठ सात – पाँच सात तीन तीन पाँच तथा आठ दुई एक आठ तीन – दुई छ तीन आठ छ रहेको छ ।

## दिल्ली साकेत भवन दुर्घटना

दिल्लीको साकेत मेट्रो स्टेशन नजिक चारतले व्यावसायिक भवन भत्किँदा तीन जनाको मृत्यु भएको घटनामा दुई जना इन्जिनियरलाई निलम्बन गरिएको छ। भवन निरीक्षणमा लापरवाही भएको भन्दै एक सहायक इन्जिनियर र एक जुनियर इन्जिनियरमाथि कार्यवाही गरिएको छ भने, एम्सका अनुसार एघार जना घाइतेलाई उपचारका लागि अस्पताल ल्याइएको थियो। तीमध्ये तीन जनालाई मृत घोषणा गरिएको छ भने पाँच जनाको अवस्था गम्भीर रहेको छ। तीन जना उपचारपछि डिस्चार्ज भएका छन्।